- कृषि, पशु, वन, वातावरण र पर्यटन प्रवर्द्धन र विकासमा जोड।
- स्वच्छ, पारदर्शी र जनमैत्री भ्रष्टाचारमुक्त सार्वजनिक सेवामा जोड।
- मानवीय विकास, गुणस्तरिय शिक्षा, सर्वसुलभ स्वास्थ्य एवम सरसफाईमा जोड।
- सेवा प्रवाह, संस्थागत विकास र सु-शासनमा जोड।
- लैगिक समानता र सामाजिक समावेशीकरणमा जोड।
- दीगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा जोड।
- आर्थिक, सामाजिक एवम शासकीय सुधारमा जोड।
- आर्थिक विकास र गरीवी निवारणमा जोड।
- समृद्ध र स्रोत सम्पन्न नगरीको रुपमा सम्मरीमाई गाउँपालिकालाई विकास गर्ने।
- स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सृर्जनामा योगदान दिने किसिमको कर नीति अवलम्वन गर्ने।
- कृर्षिमा पकेट क्षेत्र निर्धारण गरी मत्स्य पर्यटन एवम धार्मिक पर्यटकीय नगरीको रुपमा विकास गर्ने।
- गा.पा भित्र रहेका ऐलानी, प्रति, सरकारी, सार्वजनिक जग्गाको लगत संकलन, नक्साङ्कन, सिमाङ्कन गरी संरक्षण गर्ने।

# आर्थिक वर्ष २०८१।०८२ मा गाउँपालिकामा सञ्चालन हुने प्रमुख नीति तथा कार्यक्रमहरु निम्नानुसार हुनेछन्।

## आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

## कृषि

१. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ ।

२. रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइने गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइनेछ ।

३. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ ।

४. गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ ।

५. उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेशण गर्दै विचौलियाबाट उत्पादकमाथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको गाउँपालिका भित्र समर्थनमुल्य निर्धारण गरिनेछ । बजारमा हुने मागको जोखिमलाइ न्यूनीकरण गर्न ब्यावसायिक कृषकका लागि तोकिएको मुल्यमा गाउँपालिकाले विक्री हुन नसकेको उत्पादन किन्ने ग्यारेन्टी (Buy Back Guarantee)गरिनेछ ।

६. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ ।

## पशु सेवा

१. गाई र भैसीमा खोरेत, भ्यागुते र चरचरे, बाखामा पि.पि.आर., कुखुरामा रानीखेत र गम्बारो बिरुद्धको खोप कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

२. कृषि पेशालाई सम्मानित र व्यवसायिक बनाई पशु पालनमा आधारित जनताको जिवनस्तर सुधार गरिनेछ।

३. बैज्ञानिक कृषि उत्पादन र आधुनिक प्रबिधि युक्त गाई, भैसी, बाखा, कुखुरा र मत्स्य पालनमा बिशेष जोड दिइनेछ।

४. मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ ।

५. गाई, भैसी कुखुरा चोरी निकासी पैठारी निरुत्साहित बनाउन कार्यपालिका स्तरीय अनुगमन टोलीबनाउने र साथै खुल्ला मासु बिक्री बितरण पारिपाटीको अन्त्य गरी स्वास्थ्य मासु बिकि बितरणको व्यवस्थमिलाइनेछ।

६. गाउँपालिका स्तरीय चौपाया पशु हाट बाजारको निर्माण गर्ने नीति लिइनेछ।

७. गाउँपालिका स्तरीय छाडा पशुहरुको व्यवस्थापन गरिनेछ ।

८. सामूहिक घाँस खेती प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

९. गाउँपालिका भित्र रहेको ऐलानी जग्गा, पर्ति, ८ नं. आदिलाई व्यवस्थित गरी पशु चरन क्षेत्र बनाइनेछ।

१०. पशुपालनमा उन्नत नश्ल सुधार सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ । बाखाको श्रोत केन्द्रको स्थापनाको लागि संघिय सरकार र प्रदेश सरकारसंगको समन्वयमा कम्तीमा १ वटा श्रोत केन्द्र स्थापना गरी बाखा पालन व्यवसायलाई प्रर्वधन गरिनेछ ।

११. नेपाल सरकारबाट संचालित पशु बिमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

१२. पशुपालनमा प्रयोग हुने आधुनिक यन्त्र जस्तै च्याफकटर, मिल्कीङ्ग मेशिन, एरिगेटर, चिलिङ्ग भ्याट आदिअनुदानमा बितरण गरिनेछ ।

१३. अतिबिपन्न घरपरिवार महिलाहरुको जिवन उकास्न लोकल कुखुरा पालनमा बिशेष जोड दिइनेछ।

१४. बेरोजगार महिलाहरुलाई बिशेष गरी बाखा पालन सम्बन्धि तालिम दिई बाखापालन व्यवसायमासंलग्न गरी आत्म निर्भर बनाउन प्रोत्साहन गरिनेछ ।

१५. पशुपालन व्यवसायमा देखिने बाँझोपन समस्यालाई समाधान गर्न बाँझोपन निवारण शिविर संचालन गरिनेछ ।

१६. गाई भैसीहरुलाई खोप लगाउने क्रममा केही कारणवश पशुको मृत्यु भएमा वा भ्यीक्सनेटरको दुर्घटना भएमा क्षतिपुर्ति वापत केही रकम उपलब्ध गर्ने वा बिमा गरिनेछ ।

१७. सम्मरीमाई गाउँपालिकामा अधिकतम गाई भैसी पालन मुख्य पेशा भएकोले ब्याउने गाई भैसी वा तत्काल ब्याएको गाई भैसीलाई क्याल्सीयमको आवश्यकता पूर्तिको लागि क्याल्सीयम बितरण र बाँझोपन गाई भैसी आदि लाई मिनरल तथा अन्य औषधी बितरण गरिनेछ ।

१८. आन्तरिक परजीबि नियन्त्रण कार्यक्रम संचालनको लागि गाई भैसी बाखाहरुलाई जुकाको औषधी र लिभर टाँनिक बितरण गरिनेछ ।

१९. गोठ तथा भकारो सुधारमा अनुदान दिने नीति लिइनेछ ।

२०. दैनिक रुपमा पशु सम्बन्धि औषधी बितरण तथा सेवा सञ्चालन गरिनेछ ।

## सहकारी

१. सहकारी संस्थाहरुको स्थलगत सुशासन प्रवर्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाईप्रभावकारी बनाइनेछ ।

२. उत्पादनमूलक सहकारी संस्थाहरुको स्थापना गरि बिउ पुँजी लगानीको रुपमा सहयोग उपलब्ध गराईने र वार्षिक उत्पादनमा अनुदान दिइनेछ ।

३. गाउँपालिका भित्र स्थापना हुने सहकारी संस्थाहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता बिषयहरुलाई संघ वा प्रदेशको ऐन वा कार्यविधि बमोजिम अघि बढाइनेछ ।

४. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पुँजी संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरतादिइनेछ।

५ .कृषि लगायत विषयगत सहकारीहरुलाई सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाई कठोर रुपमा कार्यान्वयन गरिनेछ ।

६ .गाउँपालिका भित्र संचालित सहकारी संस्थाहरुको कारोबार सफ्टवेयरमा ल्याई व्यवस्थित ढंगले अघि

७ .गाउँपालिका भित्र संचालित सहकारी संस्थाहरुको अनुगमन तथा मुल्यांकन गरी नियमानुसार संचालन नभएमा र निष्कृय सहकारी संस्थाहरुलाई नियानुसार खारेज गरी व्यवस्थित गरी अघि बढाइनेछ ।

८ .सहकारीहरुमा एक घर एक सहकारी सदस्यता बढाउनको लागि सहकारी शिक्षा विकासको लागि घुम्ती तालिम कार्यक्रम संचालन गरिनेछ ।

९ .सहकारी संस्थाका कार्यालय व्यवस्थापन गर्नको लागि कर्मचारीहरुलाई क्षमता विकास तालिम दिइनेछ

१० .गाउँपालिकामा संचालित विषयगत सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गरी संस्थागत गर्दै ऋण तथाबचतका लागि गाउँपालिका वाहिर जानुपर्ने स्थितिको अन्त्य गरिनेछ ।

**वित्तीय क्षेत्रहरु (राजस्व परिचालन)**

१. बिबिध बिषयमा करका क्षेत्र पहिचान गरि करको दायरा फराकिलो बनाउदै लैजाने निति लिईनेछ । सबैलाई करको दायरमा ल्याईनेछ ।
२. राजस्व परामर्श समितिले दिईएको सझावलाई आधारमानी अन्य कर दस्तुर शुल्क आदी निर्धारण गरी गाउँपालिकाको आयश्रोतलाई दिगो बनाईनेछ ।
३. गाउँपालिकामा तोकिएको कर तोकिएको अवधीमा बुझाई उत्कृष्ट कार्य गर्ने करदातालाई प्रोत्साहन स्वरुप सम्मान गर्ने कार्यलाई सुरुवात गरिनेछ ।
४. करदाता शिक्षा मार्फत गाउँपालिका बासीलाई कर तिर्न अभिप्रेरित हुने वातावरण तयार गरिनेछ ।
५. पर्यावरणिय अध्ययन अवलोकन गरी प्रतिबेदनको आधारमा वालुवा निकासी मार्फत आन्तरिक राजस्व बृद्धि गर्न पहल गरिनेछ
६. आवश्यक्ता र औचित्यका आधारमा राजस्वको दर र दायरामा शसोधन गरिनेछ ।
७. गैर सरकारी संस्थाहरु मार्फत कार्यक्रमहरु संचालन गर्दा ३०% लागत सझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ
८. बितरणमुखी कार्यक्रमहरु संचालन गर्दा (सम्मान कार्यक्रम बाहेक )कम्तीमा लाभग्राहिको २० प्रतिशत लागत साझेदारी हुने निति अवलम्बन गरिनेछ ।
९. यस गाउँपालिकामा कार्यक्रम तथा योजनाहरु संचालन गर्नका लागि भदौ मसान्त सम्म कार्यालयमा सुचिकृत हुनुपर्ने नीति अवलम्बन गरिनेछ ।
१०. व्यवसाय दर्ता अनिवार्य गर्नुपर्ने र आ.व.को शुरुको ३ महिना भित्र दर्ता गर्दा ५० प्रतिशत छुट दिने नीति अवलम्बन गरिनेछ ।
११. आ.व. समाप्त भएको मितिले ३ महिना भित्र नविकरण गराएमा जरिवाना शुल्क पुर्ण छुट नीति अवलम्बन गरिनेछ ।
१२.

# सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु

## शिक्षा

१. शिक्षामा सबैको पहुँच सुनिश्चितताका लागी अनिवार्य तथा नि: शुल्क शिक्षा प्रदानको प्रत्याभूति गराइ समता र समानताका लागी समावेशी शिक्षाको वातावरण सृजना गरिने छ।
२. शिक्षालाई जीवनोपयोगी बनाई योग्य, सक्षम .स्वावलम्बी नागरिक बनाउन आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी लागु गरिने छ ।
३. सामुदायिक विद्यालय संस्थागत विद्यालय र मदरसा विद्यालयको सुदृढीकरण गरी आधुनिक शैक्षिक प्रणालीमा आबद्ध गराइने छ ।
४. बालविकास देखि आधरभूत तह सम्मको भौतिक ,शैक्षिक र व्यवस्थापकीय सुधारको लागि जवाफदेहीताको आधार बनाई लागु गरिने छ ।
५. एक गाउँपालिका एक प्राबिधिक विद्यालयको स्थापनाका लागी आवश्यक रणनीति तयार गरी प्रोत्साहन गरिने छ।
६. गाउँपालिका भित्रका बिज्ञान कृषि तथा प्राबिधिक बिषयमा उच्च शिक्षा अध्ययनको लागी गरीब जेहेन्दार तथा बिपन्न बर्गका बालबालिकाहरुलाई तोकिएको --आधारमा बिद्यालय वडा कार्यालय समेतको सिफारिसमा छात्रबृति प्रदान गरी उच्च शिक्षा अध्ययनको लागी प्रोत्साहन गरिने छ ।
७. नतिजाको आधारमा बिद्यालय तथा मदरसाका प्रधानाध्यापक, शिक्षक, बिद्यार्थी र कर्मचारीहरुलाई प्रोत्साहन गरिने छ ।
८. बिद्यालय तथा मदरसाहरुको भौतिक संरचना प्रबिधियुक्त बालमैत्री बनाउनका लागी योजना तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्विनमा जोड दिइने छ ।
९. बिपद तथा अन्य जोखिमको समयमा शैक्षिक क्षति न्युनिकरणका लागी बिद्यार्थीको शिक्षण सिकाईलाई निरन्तरता दिनका लागी आवश्यक नीति तथा कार्यक्रम बनाई समयमा नै बजेटको बिनियोजन गरिने छ ।
१०. निरन्तर शिक्षा अनिवार्य शिक्षा जीवनोपयोगी शिक्षा लगायतका अनौपचारिक शिक्षाको पद्धतिको कार्यक्रमहरु संचालन तथा व्यवस्थापनका लागी आवश्यक बजेट बिनियोजन गरी मानवीय जनशक्तिको बिकास गर्दे समय सापेक्ष सिकाईका साथै सीपमुलक शिक्षामा जोड दिइने छ ।
११. बिद्यालय शिक्षालाई नेपालको संविधान स्थानीय सरकार संचालन ऐन शिक्षा ऐन नियमावली अनुसार स्थानीय भाषामा पाठ्यक्रम पाठ्यपुस्तक लगायतका सामग्री निर्माण बिकास गरी कक्षागत रुपमा लागू गरिने छ ।

१२. बिद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी मिलान गरी अपुग भएको शिक्षक परिपुर्तिका लागी गाउँपालिकाको कार्यबिधि २०७६ अनुसार आवश्यक बजेट बिनियोजन गरी पदपुर्ति गरिने छ ।

१३. निरिक्षण अनुगमन र मुल्याङ्कन प्रणालीलाई सक्रिय बनाई बिद्यालय सुशासन शिक्षक पेशागत सहयोगका साथै काम नगर्ने प्रबृतिलाई निरुत्साहित गरि कार्यवाहीको दायरामा ल्याईने छ ।

१४. बिद्यमान शैक्षिक प्रणाली अभिभावको चाहना तथा समय सापेक्ष शिक्षण सिकाईको माध्यम नेपाली र अंग्रेजी भाषामा प्रचलित रहेको हुदाँ कम्तिमा हरेक बर्ष दुई वटा बिद्यालयहरुलाई अंग्रेजी माध्यमबाट संचालनका लागी ब्यवस्था मिलाईनेछ ।

## सहित्य, कला र संस्कृति

१. गाउँपालिका भित्र बोलिने बिभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ ।

२. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइने छ ।

३. लोपोन्मुख भाषा कला संस्कृति र साहित्यको संरक्षण संम्बर्धन तथा विकासका लागी मागमा आधारित कार्यक्रम बनाई आवश्यक बजेट बिनियोजन गरी कार्यान्वयनमा जोड दिइनेछ ।

४. गाउँपालिका भित्रको सार्वजनिक जग्गा ताल पोखरी ऐलानी पर्ति जग्गाको संरक्षण संम्बर्धन र बिकास गरि मनोरञ्जन पार्कको रुपमा बिकास गरिनेछ ।र सडक नाटक खेलकूद प्रदर्शनी मेला धार्मिक सांस्कृतिक कार्यक्रमका लागी आवश्यक नीति तर्जुमा गरी लागु गरिनेछ ।

## युवा तथा खेलकुद

१. खेलकूदको माध्यमबाट बालबालिका तथा युवा जनशक्तिलाई शसक्तिकरण गरी समूहमा आबद्ध गराई खेलकूद सामग्री बितरण खेल मैदान र कभर्ड हलको निर्माण लगायतको ब्यवस्थापन गरी स्वस्थ जनशक्ति बिस्थापित हुनबाट जोगाई तिनको प्रयोग गरी एवम ब्यवस्थापनका लागी आवश्यक जनशक्तिको सदुपयोग गर्न योगदानमा आधारित बजेट बिनियोजन गर्ने नीति लिइनेछ ।

२. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लिइनेछ ।

३. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ ।

४. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिका स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ ।

५. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत गराई स्वरोजगार उन्मुख गराइनेछ ।

६. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
७. "एक वडा, एक व्यायामशाला" को नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ ।
८. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी
गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ ।

## लैङ्गिक समानता र सामाजिक समावेशीकरण

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।
२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ ।
३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानीमा सहयोग गर्ने नीति लिइनेछ ।
४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ ।
५. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
६. गाउँपालिका सडक मानव मुक्त बनाइनेछ ।
७. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिनेछ ।
८. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइने पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।
९. गाउँपालिका बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
१०. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ ।
११. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ ।
१२. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
१३. हरेक वडामा क्रमशः एउटा बाल उद्यान निर्माण अभियान संचालन गरिदै लागिनेछ ।

१५. गैरसरकारी संघ संस्था परामर्शदाताहरुलाई निश्चित समयभित्र सूचीकृत गरी कम्तिमा २५ देखि ३० प्रतिशत लागत साझेदारी हुनेगरी गाउपालिकाको पूर्व स्वीकृतिमा मागमा आधारित सहभागिता गराइनेछ ।

१६. न्यायलाई सर्ब सुलभ तथा सबैको पहुँच सुनिश्चितताका लागी कार्य योजनाको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१७. स्थानीय तहको लागी नेपालको संबिधान स्थानिय सरकार संचालन ऐन २०७४ ले तोकि दिएको बिषयमा न्यायिक समिति र मेलमिलापका माध्यमबाट उत्पन्न समस्यासमाधानका लागी छिटो छरितो प्रक्रिया अवलम्बन गरिने छ ।

१८. बिपन्न बर्ग ज्येष्ठ नागरिक महिलाका सम्बन्धमा आर्थिक अवस्था हेरी निःशुल्क कानूनी उपचारको ब्यवस्थापनका लागि आवश्यक बजेट बिनियोजन गरी सहयोग र सहायता उपलब्ध गराइने छ ।

१९. न्यायिक समिति र मेलमिलाप समितिको क्षमता अभिबृद्धिका तालिम बैठक गोष्ठीकार्यशालाका लागी बजेटको बिनियोजन गरिनेछ ।

२०. जग्गा सम्बन्धी उजुरीको निरुपणका लागी भर्ना भएको अमिनको सदुपयोग गरीगाउँपालिकामा जग्गाको नाप जाँच गर्नका लागी दस्तुर निर्धारण गरी कार्यान्वयनम जोड दिइनेछ ।

२१. न्यायिक समिति मेलमिलाप समितिका लागी आवश्यक पर्ने सामग्री व उपरकरणउपलब्ध गराउन बजेटको ब्यवस्थापन गरिनेछ ।

२२. कानूनी परामर्श दाताको रुपमा कानून ब्यवसायी संग सम्झौता गरी निश्चित पारिश्रमिक तोकी उपलब्ध गराइनेछ ।

२३. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ ।

२४. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

२५. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ ।

२६. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

२७. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाइ **डिजिटल जस्टिस सिस्टम** तयार गरी लागु गरिनेछ ।

## स्वास्थ्य

"स्वस्थ्य गाउँबासी, स्वस्थ्य गाउँ" भन्ने नारालाई सफल बनाउन गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको समतामूलक पहुँच सुनिश्चित गर्ने कामलाई निरन्तता दिइनेछ। गाउँपालिका भित्रका सबै ३ वटा वर्थिङ्ग सेन्टर तथा ३ वटा ल्याव सेवा केन्द्रहरु र असुरैना स्वास्थ्य चौकीमा संचलनमा रहेको ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई थप

गुणस्तर सुधार गरी पूर्ण संस्थागत प्रसूती सेवा युक्त गाउँपालिका तथा पोषणमैत्री पालिका घोषणा गर्न आवश्यक कार्यक्रम मार्फत सुरक्षित मातृत्व र स्वस्थ्य नागरिकको हकलाई सुनिश्चित गरिनेछ ।

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्र भित्र प्रवर्द्धनात्मक, प्रतिकारात्मक तथा उपचारात्मक तथा प्रयोगशाला सेवालाई गुणस्तरीय बनाउन स्वास्थ्य चौकी, स्वास्थ्य सेवा केन्द्र मार्फत रोकथाम, निदान र उपचार सेवालाई सहज र नियमित बनाईनेछ ।

२. लक्षित समुह तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुको दक्षता एवं क्षमता विकासका लागि थप प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ । उमेर पुगेका महिला स्वयंसेविकाहरुलाई नेपाल सरकारले प्रदान गर्ने रकममा केही रकम थप गरी संचालन गरिएको "दिर्घकालिन सम्मानजनक विदाई" कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. प्रजनन स्वास्थ्य सुरक्षित मातृत्व बाल तथा शिशु स्वास्थ्य सेवाहरुको सवलीकरण कार्यक्रमलाई निरन्तरता गरिनेछ । गाउँ भित्रका उपयुक्त स्थानमा खोपकेन्द्र तथा गाउँघर क्लिनिकहरुको लागी सुविधा सम्पन्न भवन निर्माण गरी आभारभूत स्वास्थ्य सेवालाई सहज र पहुँच बनाई पूर्ण खोपको सुनिश्चिततालाई नियमित गरिनेछ ।

४. समुदायमा बढदै गएको नसर्ने रोगहरुलाई न्युनीकरण गर्न नागरिकहरुलाई धुम्रपान, मध्यपान र लागू औषध सेवन र दुर्व्यसनीलाई निरुत्साहित गर्न विभिन्न सचेतनामूलक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

५. भवन नभएको वडा न १ को आधारभुत  स्वास्थ्य सेवा केन्द्रको नवनिर्मित भवनलाई थप व्यवस्थापन गरि आफ्नै भवनमा सेवाको शभारम्भ गरिनेछ ।

६. गर्भवती महिलाले ८ पटक गर्भजांच र स्वास्थ्य संस्थामा मात्र सुत्केरी हुने अनिवार्य गर्न विभिन्न किसिमका आकर्षक तथा प्रोत्साहन युक्त विशेष कार्यक्रमहरु पालिकावाट व्यवस्था गरिनेछ साथै आकस्मिक प्रसुती सेवालाई व्यवस्थित वनाउन वर्थीङ सेन्टरहरुमा थप उपचार आवश्यक परेमा वा प्रेषण गर्नु परेमा गरीव तथा विपन्नको लागि लाग्ने एम्वुलेन्स खर्च व्यहोर्न एम्बुलेन्स सेवा व्यवस्थापन समितिलाई थप जिम्मेवार र सक्रिय बनाइनेछ ।

७. नेपाल रेडक्रस सोसाइटी संग रक्तसञ्चार सेवालाई सहज तुल्याउन गरिएको सहकार्यलाई निरन्तरता दिइनेछ ।

८. वर्षमा कमसेकम १ पटक संघ, प्रदेश तथा जिल्ला स्वास्थ्य निकायसंग समन्वय गरि स्थायी वन्ध्याकरण शिविर र लामो गर्भान्तर सेवाका अस्थायी परिवार योजना कार्यक्रम संचालन गरिनेछ ।

९. किशोर-किशोरीहरुलाई प्रजनन अधिकार, प्रजनन स्वास्थ्य जस्ता विषयहरुलाई समेटी नेपालको संविधान २०७२ र सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५ तथा नियमावली, २०७७ ले सुनिश्चित गरेको अधिकारलाई स्थापित गन गैर सरकारी संघसंस्थाको समेतको पारस्परिक साझेदारीमा "किशोर किशोरी शिक्षा" तथा खुशहाल परिवार कार्यक्रमलाई निरन्तरता दिई विशेष समुदायहरुमा थप सुधार गर्न गुणस्तरीय तथा प्रभावकारी र विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

१०. महामारीको पुर्वतयारी तथा व्यवस्थापनको  कार्यलाइ प्रभावकारी वनाउन औषधि तथा स्वास्थ्य सम्वन्धी सामग्रीहरु तयारी हालतमा राखिनेछ।

११. हरेक गाउँपालिकामा १५ शैयाको अस्पताल स्थापना गर्ने राष्ट्रिय नीति अनुसार सो को स्थापनाको लागि आवश्यक पहललाई निरन्तरता दिइनेछ ।

१२. रेकर्डिङ रिपोर्टिङ कार्यलाइ व्यवस्थित गर्न प्रविधीको प्रयोगमा जोड दिई स्वास्थ्य संस्थालाई प्रविधीमैत्रीका लागी थप जोड दिइनेछ ।

१३. दीर्घकालीन किसिमका लाग्ने रोगहरु तथा एच.आई.भि.पिडितहरुलाई सहयोग गर्ने विभिन्न नीति तथा कार्यक्रम अवलम्वन गरिनेछ ।

१४. जेष्ठ नागरिक, गर्भवती, सुत्केरी, नवशिशु, बालबालिका तथा अन्य लक्षित समुहहरुलाई देखिने स्वास्थ्य समस्याहरुको संख्यामा भैरहको बृद्धिलाई ध्यानमा राख्दै प्राथमिक स्वास्थ्य सेवाको तह देखिनै व्यवस्थापन गरी ज्येष्ठ नागरिकको पहुँच सुनिश्चित गर्ने ।

१५. वर्थिङ्ग सेन्टर तथा ल्याव सेवा र ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई थप व्यवस्थित र गुणस्तरीय बनाउन विशेष व्यवस्था गरिनेछ ।

१६. पोषणको अवस्थालाई मध्यनजर गरी विभिन्न लक्षित समुहहरुलाई केन्द्रित गरी पोषण सुधारलाई जोड दिन दैनिक, मासिक तथा चौमासिक कार्यक्रमहरु संचालन गरिने ।

१७. स्वास्थ्य बीमा कार्यक्रमलाई दरिलो र विश्वासनीय बनाउन जनचेतनामूलक कार्यक्रमहरु मार्फत यस गाउँपालिका भित्रका लक्षित समुहहरुलाई गाउँपालिकाको आर्थिक सहयोगमा स्वास्थ्य बीमामा आबद्ध गरिने छ ।

१८. स्थानीय सरकार संचालन ऐन २०७४ ले व्यवस्था गरेको गरे अनुरुप स्वास्थ्य संस्थाहरु मार्फत विभिन्न सचेतनामूलक कार्यक्रमहरु संचालन गरी फोहरमैला व्यवस्थापन तथा सरसफाई कार्यक्रमलाई जोड दिईनेछ ।

१९. स्वास्थ्य आमा समुहलाई थप सचेत बनाउने र स्वास्थ्य संस्थाहरुद्धारा प्रदान गरिने सेवा तथा कार्यक्रमहरुको बारेमा प्रष्ट हुने किसिमले विभिन्न सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

२०. स्वास्थ्य संस्था, खोप तथा गाउँघर क्लिनिक र सरसफाई प्रवर्द्धन केन्द्रहरुलाई थप व्यवस्थित र सुविधा सम्पन्न बनाईनेछ ।

२१. समय समयमा देखिने विभिन्न किसिमका संक्रामक तथा महामारी जन्य रोगहरु जस्ता समस्यालाई स्थानीय स्तरवाट नै रोकथाम तथा समाधान हुने गरी विभिन्न संघ संस्थाहरुको सहयोग र सहकार्यमा कार्यक्रमहरु संचालन गरिनेछ ।

२२. दिगो विकास लक्ष्य २०३० (SDG) का सूचकहरु समयमा नै हासिल गर्न विभिन्न किसिमका लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

२३. विभिन्न किसिमका संक्रामक सरुवा रोगहरु जस्तैः क्षयरोग, कुष्ठरोग, औंलो, डेङ्गु , कोभिड १९ आदि जस्ता रोगहरुको नियन्त्रण, रोकथाम तथा निवारणका लागी विशेष कार्यक्रम संचालन गरिनेछ ।

२४. आर्थिक रुपमा अतिविपन्न गाउँपालिकावासी तथा सुत्केरीहरुको स्वास्थ्य जाँच तथा उपचारको लागि निजहरुलाई अस्पताल ल्याउने भनी एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ ।

२५. सीमान्तकृत गरिब तथा पछाडी परेका जनसामुदायहरुलाई निःशुल्क स्वास्थ्य वीमा गरिनेछ ।

## आयुर्वेद

१. नागरिक आरोग्य कार्यक्रम गरिनेछ ।

२. ज्येष्ठ नागरिकका लागि स्वास्थ्य प्रवार्धन सेवा ज्येष्ठ नागरिकहरुले नियमित रुपमा सेवा पाउनेछन ।

३. ओ.पि.डि. संचालनका लागि औषधी खरिद स्थानीय रुपमा देखिने रोगहरुको प्राथमिक्ता अनुसार निरन्तर व्यवस्था हुने गरी आवश्यक आयुर्वेदिक औषधी खरिद गरिनेछ ।

४. स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडीबुटी जन्य औषधी वितरण सम्बन्धी कार्यक्रम गरिनेछ ।

५. विद्यालय आयुर्वेद तथा योग शिषा कार्यक्रम आयुर्वेद चिकित्क सेवा प्रदान गरिने संस्थाहरुबाट पाइने सेवाहरुबारे आम नागरिकहरुलाई जानकारी गराउने कार्यक्रम गरिनेछ ।

६. आयुर्वेद भवन नभएकोले भवन निर्माण र व्यवस्थापन गरी सेवा प्रदान आफ्नै भवनमा सुरुवात गरिनेछ ।

## वातावरण, विपद् व्यवस्थापन, खानेपानी, सरसफाई तथा स्वच्छता

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गर्ने । न्यून हरित ग्यास उत्सर्जनलाइ विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृध्दि गरिनेछ ।

२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ ।

३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धिगरिनेछ ।

४. पोखरी संरक्षण, नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धिगरिनेछ ।

५. भू-सूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।

६. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

७. बालुवा र माटो जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गर्न कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ ।

८. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

९. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ ।

१०. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ ।

११. सम्बेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।

१२. स्थानीय आप्तकालिन कार्य संचालन केन्द्र (LEOC) स्थापना गरी विपद सम्बन्धी कार्यहरु व्यवस्थित गरिनेछ

१३. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ ।

१४. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ ।

१५. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ ।

१६. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ ।

१७.टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति ल्याइनेछ ।

१८.शुन्य फोहर प्रणाली सरसपफाइ केन्द्र मार्फत आधुनिक प्रविधि अपनाइ वहुउपयोग (विटुमिन, प्लाष्टिक ब्लक, ) गरिनेछ ।

१९.अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइने जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति ल्याइनेछ ।

२०.प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ ।

२१.गाउँपालिका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ ।

२२.गाउँपालिकाबाट जडान हुने खानेपानी हैण्डपम्पहरुको पानीको गुणस्तर परिक्षण गराईनेछ ।

## भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार)

१. आवधिक योजना, आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिनेछ ।सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ ।

३. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

४. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

५. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक इवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

६. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ ।

७. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ ।

८. गाउँपालिकाभित्रसडकको मापदण्डलाईआवश्यकताकोआधारमाकायमगरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ ।

९. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

१०. "एक वडा-एक पार्क" निर्माण नीतिको थालनी गरिनेछ ।

११. प्रभावकारी सम्पति व्यवस्थापनका लागि सम्पति व्यवस्था सूचना प्रणाली (Asset Management Information System)तयार गरी लागु गरिनेछ ।

१२. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

१३. सडक पूर्वाधार तथा विकास निर्माणका कामहरुमा पारदर्शिता ल्याउन ३० लाख भन्दा माथिका सम्पूर्ण निर्माण बिद्युतीय बोलपत्र E bidding मार्फत गरिनेछ ।

१४. गाउँपालिका परिसर भित्र रहेको पोखरी सुन्दरीकरण को लागि बजेट को व्यवस्था गर्दै निर्माण कार्य अगाडी बढाईनेछ ।

१५. उपभोक्ता समिति मार्फत विकास निर्माण गर्न हरेक वर्ष चैत मसान्त सम्ममा सक्ने लक्ष्य राख्दै पुजीगत खर्च बढाई दिगो विकास तर्फ अग्रसर गरिनेछ ।

१६. नया भवनको नक्सा पास र पुरानो भवनलाई नियमित प्रक्रियामा ल्याई नियममा गरिनेछ ।

१७. पूर्वाधार निर्माण गर्दा ५ लाख भन्दा माथिका सबै प्रकारका योजनाहरुमा गुणस्तर परिक्षण अनिवार्य गरिनेछ ।

१८. गाउँपालिका क्षेत्रका हल निर्माण भइ रहेका मुख्य सडकको स्तरउन्नति गरिनेछ । र सडक किनारामा वृक्षारोपण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१९. आफ्नो कार्यालय जीर्ण अवस्थामा भएकाले वडा न ३ वडा कार्यालय निर्माण कार्यको सुरुवात गर्ने व्यवस्था मिलाईनेछ

## सुशासन सार्वजनिक सेवा तथा क्षमता विकास

१. कार्यालयबाट प्रदान गारिने सेवालाई बालमैत्री,अपाङ्ग तथा असक्तमैत्री बनाउने नीति अवलम्बन गरिनेछ ।

२. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ ।

३. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response App) तयार गरी लागु गर्ने नीति लिइनेछ ।

४. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीकोबक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

५. त्रैमासिक रुपमा आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।

६. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएको क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

७. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

८. गाउँपालिकाबाट प्रवाहहुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिका तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

९. गाउँपालिका प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईनेछ ।

१०. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ ।

११. गाउँपालिकाको स्रोत तथा सम्पत्ति सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा , पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।

१२. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ ।

१३. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको शुक्ष्म ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ ।

१४. गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

१५. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

१६. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइनेछ ।

१७. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ ।

१८. सेवा प्रवाहका सन्दर्भमा प्राप्तहुन आएका सल्लाह तथा सुझाव कार्यान्वयन गर्दै सुशासन कायम गरिनेछ ।

१९. सेवा प्रवाह तथा विकास व्यवस्थापनमा पारदर्शिताजनसहभागिता र,जवाफदेहीता,उत्तरदायित्व सुनिश्चिता गर्दै सुशासनको अनुभूती दिइनेछ ।

२०. आन्तरिक लेखा परिक्षण पद्दतिलाई थप व्यवस्थित बनाई बेरुजु हुन नदिने तथा फर्योटलाईअझैबढी व्यवस्थित गरिनेछ ।

२१. कार्यालयका सवारी साधन र उपकरणको मितव्ययी ढंगबाट परिचालन गरिनेछ ।

२२. गाउपालिकाको समग्र विकास र गतिविधिको बारेमा स्थानीय छापा माध्यम तथा स्थानिय एफएम.हरुबाट जानकारी गाराई पारदर्शिता अभिबृद्धि गरिनेछ ।

२३. कर्चारीलाई उत्प्रेरित गर्न Right Man In The Right Place भने सिद्धान्तको पूर्ण कार्यान्वयनसाथै दण्ड र पुरस्कारको निति अवलम्बन गरिनेछ ।

२४. कर्मचारी र जनप्रतिनिधिले अवलम्बन गर्नु पर्ने आचार संहिता को पूर्ण पालना गरिनेछ ।

२५. अनुगमन तथा मूल्यानकन पद्धति लाई नियमित भरपर्दो र नतिजामूलक बनाई विकास कार्यक्रम तथा योजना कार्यान्वयनको पक्षलाई थप प्रभावकारी बनाइनेछ ।

२६. पत्रकार महासंघसंगकोसहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र गाउँपालिकाको  सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ ।

२७. गाउँपालिका क्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुकोव्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ ।

२८. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ ।

२९. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ ।

३०. सार्वजनिक खरिद सम्बन्धी कार्य गर्दा गराउँदासार्नजनिक खरिद ऐन, नियमावली तथा प्रचलित कानुन बमोजिम एकद्वार नीति अवलम्बन गरिनेछ ।

## स्व रोजगारः

१. गरिबी न्युनिकरण तथा रोजगारीका अवसरमा वृद्धि गर्ने नीति लिइनेछ ।

२. स्थानीय तहमा दर्ता भएका वेरोजगार व्यक्तिलाई न्युनतम रोजगारीको प्रत्याभुति कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना संचालन गरिनेछ ।

३. दक्ष तथा सक्षम जनशक्तिको विकास गरि आन्तरिक रोजगारीको प्रवधान गर्न सिपमुलक तालिम को पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिइनेछ ।

४. संघ र प्रदेशले ल्याएको रोजगार मूलक कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।

५. आन्तरिक रोजगारी श्रृजना गर्न सरोकारवाला निकाय र निजी सहकारी  तथा गैर सहकारी क्षेत्र संग समन्वय र सहकार्यमा जोड दिइनेछ ।

६. युवा तथा शैक्षिक बेरोजगार लाई प्राथमिकतामा राखी स्वरोजगार मूलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहन गरिनेछ ।

७. श्रम सम्बन्धलाई प्राथमिकता दिई सार्वजनिक पुर्वाधार निर्माण तथा मर्मत कृषि व्यवसायिकउद्योग बित्तीय क्षेत्रबाट रोजगारी श्रृजना गरिनेछ ।

८. रोजगार सेवा केन्द्र संचालन तथा व्यवस्थापनमा थप प्रभावकरिता ल्याइनेछ ।

९. गाँउपालिका तथा वडागत योजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रम संग साझेदारी गरी संचालन गरिनेछ ।

१०. बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई सीप र क्षमतावृद्धिको तालिम प्रदान गरिनेछ ।

११. बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागी श्रम स्वीकृत पुनः श्रम स्वीकृतिलाई प्रभावकारी तरिकाले संचालन गरिनेछ ।

१२. कुनैपनि काम ठुलो या सानो हुदैन भन्ने भावना जागृत गराईकामको सम्मान गर्ने परिपाटिको निर्माण गर्दै स्वरोजगार उनमुख जीवनशैली उपयुर्क्त पारिश्रमिक र समाजिक संरक्षण सहितको थप व्यवस्थापनगरिनेछ ।

**धन्यवाद, जय सम्मरीमाई**

**मितिः२०८१/०३/१०**

**अध्यक्ष**

**बिनोद कुमार श्रीवास्तव**

सम्मरीमाई गाउँपालिका, रुपन्देही

# सम्मरीमाई गाउँपालिकाको
## १५ औं गाउँसभामा प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम-२०८१

उपाध्यक्ष ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गाउँसभाका सम्पुर्ण सदस्य ज्यूहरु,
विषयगत शाखाका प्रमुख ज्यूहरु,
गाउँपालिका तथा वडा कार्यालयका कर्मचारी साथीहरु,

"कृषि, शिक्षा, स्वास्थ्य, व्यवसाय,रोजगार र पुर्वाधार, समृद्ध सम्मरीमाई विकासको आधार"भन्ने पहिलो गाउँसभाको दीर्घकालिन सोचलाई सार्थक पार्ने प्रयत्नका साथ कार्यान्वयन गर्ने क्रममासम्मरीमाई गाउँपालिका स्थापना पछिको १५ औं गाउँसभामा अध्यक्षको हैसियतले आ.व.२०८१/०८२ को गाउँपालिकाका विकास नीति तथा कार्यक्रम आजको यस गरिमामय सभामा प्रस्तुत गर्न पाउदा मलाई अत्यन्तै खुसी लागेको छ।

धार्मिक,भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवम् पर्यटकीय तथा कृषि क्षेत्रको महत्वका दृष्टिकोणले अत्यन्तै प्रबल सम्भावना भएको गाउँपालिका भएता पनि द्रुत विकास हुन सकेको छैन। विकासको क्रममा पछाडि परेका वर्ग तथा समुदायलाई मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरि आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारी सृजना गर्ने ,कृषि क्षेत्रको व्यवसायिक र आधुनिकिकरण गर्ने सुशासन प्रवर्द्धन गरि सेवा प्रवाहमाप्रभावकारिता कायम गर्ने, पर्यटन तथा कृषि क्षेत्रको विकासबाट प्राप्त लाभ लिई सबै क्षेत्रसम्म पुऱ्याउने, वन जंगलको संरक्षण सम्बर्धन र विकास गर्ने वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवम् आन्तरिक आयको दायरालाई फराकिलो बनाउदै संस्थागत सुदृढिकरण गर्ने तथा नेपालको संविधान,२०७२ को अनुसूची-८ मा उल्लेख भए बमोजिमका अधिकारहरुमा संघीय र प्रदेश कानूनसँग नबाँझिने गरि कानूनको निर्माण तथा कार्यान्वयन गरि आत्मनिर्भर हुनुपर्ने समग्र चुनौतीहरु हाम्रो सामु रहेका छन्।

स्थानीय तहको विकासको माध्यमद्वारा अपेक्षित उद्देश्यहरु हासिल गर्न नव निर्वाचित जनप्रतिनिधिहरुको कुशल नेतृत्व अतिनै आवश्यक भए बमोजिम नेपालको संविधान, २०७२ ले स्थानीय सरकारको परिकल्पना गरे अनुसार दोस्रो कार्यकालको लागि २०७९ बैशाख ३० मा स्थानीय निर्वाचन सम्पन्न भई यस गाउँपालिकाको नेतृत्व मैले सम्हाले पछि पनि गाउँपालिकाको विकास तथा स्थानीय तहको सञ्चालनमा राजनीतिक दल, कर्मचारी प्रशासन, नागरिक समाज, निजी क्षेत्र, गैर सरकारी संस्था तथा आम जनसमुदायबाट रचनात्मक एवम् सिर्जनात्मक सहयोगको निरन्तर अपेक्षा गर्दछु। साथै हामी नवनिर्वाचित सबै सदस्यहरु फुटेर हैन जुटेर बहुमतिय हैन सहमतिय अभ्यासबाट एक भई अगाडि बढ्नेछौं भन्ने प्रण गर्दछु।

## आ.व. ०८१/०८२ को लागि नीतिगत निर्णयहरु

निर्णय नं. १:
आ.ब.२०८१।०८२ को प्रस्तुत नीति तथा कार्यक्रम सर्ब सम्मत पारित गरियो ।

निर्णय नं. २ :
आ.ब.२०८१।०८२ को प्रस्तुत भएका आर्थिक ऐन-२०८१ र बिनियोजन ऐन-२०८१ सर्ब सम्मत पारित गरियो ।

निर्णय नं. ३
आ.ब.२०८१।०८२को प्रस्तुत भएका कार्यक्रम,योजना तथा बजेट सर्ब सम्मत पारित गरियो ।

निर्णय नं. ४
सम्मरीमाई गाँउपालिका तथा अर्न्तगतका कार्यालयहरुबाट सार्बजनिक खरिद, राहत, अनुदान, परामर्श सेवा, मर्मत तथा बिकास निर्माण संग सम्बन्धि बिनियोजित बजेट खर्च गर्दा गराउदा सम्बन्धित शाखाहरु मार्फत समन्वय गरी गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. ५
सार्बजनिक खरीद सम्बन्धि सम्पूर्ण कार्य गर्दा गराउँदा सार्बजनिक खरीद ऐन तथा नियमावली बमोजिम गाउँपालिकाबाट एकद्धार नीति अवलम्बन गरी गर्ने गराउने  निर्णय गरियो ।

निर्णय नं. ६
गाउँपालिकाको समग्र बिकासका लागि संघ,प्रदेश र अन्य श्रोतबाट प्राप्त आमदानी तथा बजेट खर्च गर्दा गराउँदा सबै वडाहरुलाई सामान रुपमा बिकास गर्ने वातावरण सृजना गर्ने सम्पूर्ण जिम्मेवारी गाउँकार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७
बिकास निर्माण एवं सेवा संचालनमा अति आवश्यक बाहेक कोटेशन मार्फत गर्ने गराउने कार्यलाई निरुत्साहित गर्ने निर्णय गारियो ।

निर्णय नं. ८
देहायका सदस्य रहने गरी निर्माण भएको गाँउपालिका स्तरीय सार्बजनिक जग्गा व्यावस्थापन समितिलाई  निरन्तरता दिने निर्णय गरियो ।

अध्यक्ष: सम्मरीमाई -बिनोद कुमार श्रीवास्तव

सदस्य : सम्मरीमाई -१ देखि ७ वडा अध्यक्ष

सदस्य : सम्मरीमाई -कार्यपालिका सदस्य बिक्रमजित लोध

सदस्य : सम्मरीमाई - कार्यपालिका सदस्य बिनोद बरुण

सदस्य : सम्मरीमाई - कार्यपालिका सदस्य सुभरमती अहिरनी

सदस्य : सम्मरीमाई - कार्यपालिका सदस्य अमरौती देबी लोध

सदस्य : सम्मरीमाई - कार्यपालिका सदस्य शकुन्तला चमार

सदस्य : सम्मरीमाई - कार्यपालिका सदस्य सबित्री चमार

सदस्य सचिव - नापी शाखा प्रमुख

निर्णय नं. ९
विद्यालयहरुको शिक्षाको गुणस्तर सुधार गर्न गाँउ शिक्षा समितिको भुमिका प्रभावकारी बनाउने र निर्वाचित जनप्रतिनिधी मार्फत अनुगमन, निरिक्षण कार्यलाई गति दिने निर्णय गरियो ।

निर्णय नं. १०
एक गाँउ एक उत्पादनको अवधारणा अनुरुप यस गाउँपालिका भित्र दुग्ध उत्पादन, तरकारी खेती, कुखुरा पालन र माछा उत्पादनको प्रयाप्त संभावना रहेकोले दुग्ध उत्पादन, तरकारी खेती, कुखुरा पालन र माछा पालन ब्यवसायलाई पहिचानको रुपमा वजारीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ११
गाँउपालिकाको विकास निर्माणमा प्रयोग हुने विभिन्न निर्माण सामाग्रीको ल्याव टेस्ट गर्ने र गुणस्तरियता कायम गराउने निर्णय गरियो ।

- वाटो कालो पत्रे गर्दा, माटो, वालुवा, गिट्टी तथा अलकत्राको अनिवार्य ल्याव टेस्ट गर्नु पर्ने ।
- निर्माणमा प्रयोग हुने सिमेन्टको ल्याव टेस्ट अनिवार्य हुनु पर्ने ।
- निर्माण कार्यमा प्रयोग हुने छड लगायत धातुका सामानहरु ।
- प्राबिधिकको सल्लाह अनुसारका अन्य महत्वपुर्ण सामान ।

निर्णय नं. १२
सेवाग्राहीहरुलाई सम्मानका साथ सेवादिन सेवाग्राही प्रतिखुल्ला हृदयले सेवादिने प्रणाली Smilling Service लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. १३
सवै वडाहरुमा रहेका नागरिक वडापत्रहरुलाई परिमार्जित गरि नयाँ नागरिक वडापत्र राख्ने निर्णय गरियो ।
निर्णय नं. १४
आ.ब. २०८०।०८१ मा भएका गाँउकार्यपालिका बैठकका निर्णयहरु र २०८१ आसाढ १० गते सम्मको आय व्यय हिसाबको स्रेस्ता सर्ब सम्मत अनुमोदन गरियो ।

निर्णय नं. १५

उपभोक्ता मार्फत आयोजना संचालन गर्दा मूल्यांकन बीलका आधारमा भुक्तानी दिने प्रणाली लागु गरि पेश्की शून्य प्रणाली लागु गर्न र उभोक्ताको लागत सहभागिता न्युनतम १० प्रतिशत गर्ने निर्णय गरियो ।

निर्णय नं १६
"कृषि, शिक्षा, स्वास्थ्य, व्यवसाय, रोजगार र पूर्वाधार समृद्ध सम्मरीमाई विकासको आधार" भन्ने विकास नारालाई पूर्ण रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं १७
उपभोक्ता मार्फत संचालन हुने आयोजनाहरुलाई अन्तिम बील रकम भुक्तानी गर्दा गा.पा.उपाध्यक्षको संयोजकत्वमा गठित अनुगमन समितिको प्रतिवेदन र वडा सचिवको रोहवरमा सार्वजनिक परीक्षण गरेर मात्र भुक्तानी दिने अनिवार्य वनाउने निर्णय गरियो ।

निर्णय नं १८
यस गा.पा.भित्र संचालन हुने विभिन्न आयोजना तथा कार्यक्रमकोलागि आव्हान गरिएको दरभाउ पत्र,बोलपत्र मूल्यांकन गर्न निम्न बमोजिम मूल्यांकन समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक : प्रमुख प्रशाकीय अधिकृत

सदस्य : प्रशासन शाखा प्रमुख

सदस्य : योजना प्रमुख

सदस्य प्राविधिक प्रमुख

सदस्स्य : लेखा प्रमुख

सदस्य : सम्वन्धित विषयका लागि सम्बन्धित इकाई वा शाखा प्रमुख

निर्णय नं १९

यस गा.पा.भित्र संचालन भई सम्पन्न विकास निर्माण आयोजनाहरुको दिगोपन,उपभोग कर्तालाई अपनत्व ग्रहण गराउने र नियमित मर्मत सम्भारको व्यवस्था मिलाउन उक्त आयोजना तथा कार्यक्रमको फरफारक पछि हस्तानतरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं २०

यस गा.पा.भित्र संचालन हुने प्रत्येक योजनाबाट मर्मत संभार कोष र कन्टेन्जेन्सि बापत २ (दुई) प्रतिशत रकम कट्टा गरि कोषमा राखने र कार्यविधि बनाई खर्च गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. २१

आ.व. २०८०।०८१ सम्ममा कार्यालयमा प्राप्त हुन आएका जिन्सी सामाग्रीको जिन्सी निरिक्षण प्रतिवेदन माथी छलफल गरियो ।उक्त प्रतिवेदन अनुसार लिलाम र मिन्हा गर्न आवश्यक व्यवस्था मिलाउने अधिकार गाउँ कार्यपालिकालाई दिने निर्णय गरियो ।

निर्णय नं. २२

गाउपालिकावाट संचालित योजनाहरुमा कम्तिमा १० प्रतिशत लागत सहभागिता/जनसहभागिता र गैरसरकारी संघ सस्थाले कार्यक्रम गर्दा २० प्रतिशत लागत सहभागिता जूटाउने गरी आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं २३

सम्मरीमाई गाँउपालिका भित्र संचालित सहकारी, गैर सरकारी संस्था, आमा समुह, क्लबहरु अनिवार्य रुपले दर्ता/सुचीकृत गरेर मात्र संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २४

योजना तथा कार्यक्रम संचालन सम्बन्धमा चैत्र मसान्त पछि कुनै पनि योजना सम्झौता नगर्ने र आषाढ १५ सम्म फरफारक नगरेमा स्वत सम्झौता रद्ध हुने निर्णय गरियो ।

निर्णय नं. २५

नयाँ सडक निर्माण गर्दा अनिवार्य रुपमा गाँउपालिका बाट स्वीकृती लिनु पर्ने र सडक दुवै तर्फ ३,३ फुट नालि छाडेर न्युनतम २० फुट सडक हुने गरि व्यवस्था मिलाउने निर्णय गरियो । सडक निर्माण गर्दा सडकमा पर्ने जग्गा कसैको हकभोग स्वामित्वको जग्गा भएमा वा सानो सडकलाई २० फुट चौडा र ३,३ फुट नालि बनाउने गरि व्यवस्था मिलाईएमा त्यस वापत प्राप्तहुने जग्गाको कुनै पनि क्षतीपूर्ति दिईने छैन ।

निर्णय नं. २६

राष्ट्रिय भवन निर्माण संहिता २०६० र भवन निर्माण सम्बन्धि मापदण्ड २०७२ वमोजिमको मापदण्ड अनुसारको घर तथा भवनहरु निर्माण गरिने छ । कृषी क्षेत्रमा टाउन प्लानको लागि स्वीकृती नदिने  र जथाभावी सडकको ट्र्याक खोल्न नदिने निर्णय गरियो ।

निर्णय नं २७

गाँउसभाको तयारीको लागि यस पालिकामा कार्यरत कर्मचारीहरुले एक महिना सम्म विहान र साँझ समेत काम गर्नुपर्ने भएकोले सभा तयारीमा खट्ने कर्मचारीहरुलाई मूल्याङ्कन गरि बढिमा एक महिनाको तलव वरावरको रकम भत्ता स्वरुप उपलब्ध गराउने निर्णय गरियो । र साथै वडा सचिवहरुलाई समेत सोही अनुसार दिने निर्णय गरियो ।

निर्णय नं. २८

सम्मरीमाई गाँउपालिकालाई वातावरण मैत्री बनाउन तथा विपद् व्यावस्थापन गर्नका लागि सम्बन्धीतनिकाय संग समन्वय र सहकार्य गरि कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय २९

आर्थिक वर्ष २०८०।०८१ देखि यस सम्मरीमाई गाउपालिकाले साझेदारी कार्यक्रम संचालन गर्दा देहायका कार्यक्रमहरुलाई प्राथमिकता दिई अन्य संस्थाहरुसँग साझेदारी गर्ने निर्णय गरियो ।

तपशिल

१. व्यवसायिक कृषिकार्यक्रम ( तरकारी, फलफुल, कुखुरापालन, पशुपालन) सम्मरीमाई वडा नं १ देखीव डा नं ७ सम्म ।

२. लघु उद्यम कार्यक्रम (दुग्ध उद्योग)पेडा, दही, खुवा, घिउ, पनिर, आईसक्रिम, चकलेट, सिलाई बुनाई, बुटिक, अचार, दालमोट, अगरवत्ती, मैनवत्ती, फाईवर झोला सम्मरीमाई वडा नं १ देखी ७

३. पर्यटन उद्यम (होमस्टे ,माछा पालन, गिफ्ट उद्यम , होटल कुक तालिम , पर्यटन पथ प्रर्द्धशन तथा भाषा प्रशिक्षण तालिम) सम्मरीमाई वडा नं १ देखी७

४.युवाहरुलाई मो.सा.मर्मत, मोबाईल मर्मत, तालिम संचालन गर्न सहकार्य गर्ने ।

निर्णय नं ३०

यस सम्मरीमाई गाउँपालिकाको अघिल्लो गाउँसभाबाट स्वीकृत भएको संगठन तथा व्यवस्थापन सर्बेक्षणलाई सामान्य पुनरावलोकन गर्ने निर्णय गरियो ।

निर्णय नं ३१

यस सम्मरीमाई गाउँपालिका अन्तर्गत  कार्यरत कर्मचारीहरुलाई बर्षको ४ पटक मूल्याङ्कन गरी उनीहरुको कार्यक्षमता र मूल्याङ्कनका आधारमा ५० प्रतिशत सम्म प्रोत्साहन खर्च उपलव्ध गराउने निर्णय गरियो ।

कार्य सम्पादन मूल्याकनका  सूचकहरु

| | |
|---|---|
| हाजिरी र समयपालन | ५ |
| नियमित प्रतिवेदन | ५ |
| अनुशाशन र जावफदेहिता | ३ |
| सेवाग्राही प्रतिको व्यवहार | २ |
| कार्यकक्षको सरसफाइ ,व्यवस्थापन र पोशाक | ३ |
| कार्य तत्परता र उत्सुकता | २ |
| अतिरिक्त समयमा गरेको काम | ७० |
| अभिलेख व्यवस्थापन | ५ |
| लिखित वा मौखिक गुनासो भए नभएको | ५ |

निर्णय नं ३२

योजना तथा कार्यक्रमहरुको संचालन गर्दा चालु आ. ब. को जिल्ला दररेटलाई आधार लिई गाउँपालिका स्तरिय दररेट विश्लेषण अनुसार भुक्तानी गर्ने गरि निर्णय गरियो ।

निर्णय नं ३३

यस सम्मरीमाई गाउँपालिकाको सुबिधा सम्पन्न भवन सौन्दर्यीकरण एवम कम्पाउण्ड निर्माण तथा पार्किंङ्ग र चमेना गृहको व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं ३४

गाँउपालिकालाई आवश्यक पर्ने बिभिन्न नियम तथा कार्यबिधि स्वीकृत गर्ने बिभिन्न समिती तथा उपसमिती गठन गर्ने अधिकार गाउकार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ३५

सम्मरीमाई गाउँपालिकाको क्षेत्र भित्र रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, पर्यटकीय, क्षेत्रहरुको, संरक्षण,संर्बधन र ब्यवस्थापन गर्न आवश्यक स्रोत साधनको लागि सम्बन्धित निकायहरुमा माग गर्ने  निर्णय गरियो ।

निर्णय नं ३६

सम्मरीमाई गाउँपालिकाको १५औ गाउँ सभाबाट स्वीकृत भएका आ.ब.२०८१।०८२ का बजेट अनुसारका कार्यक्रम कार्यान्वयन गर्न समास्या भएमा तथा बजेट घटबढ भई आएमा कार्यक्रम संशोधन आगामी १६औ गाउँसभाबाट गर्ने निर्णय गरियो ।

निर्णय नं ३७

सम्मरीमाई गाँउपालिकाको शहरी क्षेत्रको सौन्दर्य अभिबृद्धि गर्न र सडक बत्ती ब्यवस्थापन गरी सुरक्षा समेत स्थापित गर्न उद्योगी ब्यवसायी तथा समुदायको लागत सहभागितामा मूल सडकहरु र औद्योगिक क्षेत्रमा प्रवेश गर्ने सडकहरुमा सौर्य सडक बत्ती संचालन गर्ने निति अवलम्बल गर्ने र सहयोगको लागि नेपाल सरकार बाट आवश्यक रकम उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ३८

सम्मरीमाई गाउपालिकाको आ.ब.२०८०।०८१को लागि बिभिन्न शीर्षकहरुमा बिनियोजित बजेट तथा कार्यक्रमहरुमा भएको सम्पूर्ण खर्चलाई अनुमोदन गरियो ।

निर्णय नं ३९

निर्णय नं ४१

घरहरु निर्माण गर्दा सडक मापदण्ड अनुसार सडक क्षेत्र  सेडब्याक छोडेर राष्ट्रिय भवन माप दण्ड अनुसार भूकम्पीय सुरक्षित घर बनाउनु पर्ने ब्यवस्था लागू गर्ने निर्णय गरियो ।

निर्णय नं ४२

आम नागरिकलाई सूचनाको हक प्रदान गर्ने तथा सुशासन प्रदान गर्ने उद्देश्यले यस गाउँपालिकाका सबै वडाहरुमा उजुरी पेटिका राखी नियमित रुपमा खोल्ने खुलाउने निर्णय गरियो ।

निर्णय नं.४३

स्थानीय तह गाउँपालिकामा निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरु कामको दौरानमा अहोरात्र फिल्डमा खटिने बिभिन्न निकाय संघ संस्थाहरु संग समन्वय र सहकार्यमा रही रहनु पर्ने तथा अनुगमन र प्रशासकीय निरन्तरतामा रहनु पर्ने भएको हुदा अनुसुची २ बमोजिमको खर्च दिने निर्णय

निर्णय नं.४४

यस गाउँपालिकाको १५औं गाउँसभाबाट पास भएको बजेट नीति तथा कार्यक्रम अन्र्तगतका स्वीकृत कार्यक्रम तथा आयोजनाहरु उपभोक्ता समितिहरु सम्झौता गर्न नआएर वा अन्य बिबिध कारणले सोही आर्थिक बर्षमा कार्यान्वयन हुन नसक्ने अवस्था आएमा अन्य कार्यक्रम तथा आयोजनामा थप गर्न ,योजनाको नाम संशोधन वा पास भई आएका नयाँ आयोजनामा रकम बिनियोजन गर्ने अधिकार गाउँकार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.४५

सम्बन्धित वडा कार्यालयहरुद्वारा ऐन,नियम संग आवश्यक प्रक्रिया पूरा गरी गठन भई आएको उपभोक्ता समितिलाई आवश्यक कारवाही प्रक्रियामा लेजाने निर्णय गरियो।

निर्णय नं.४६

यस सभामा निर्णयार्थ प्रस्तुत भएका देहायका कार्यबिधि /निर्देशिका, प्रतिबेदनहरुलाई अनुमोदन गरियो ।

खानेपानी तथा सरसफाई स्वच्छता(वास) ऐन,२०८१

कन्टेन्जेन्सी रकम खर्च गर्ने कार्यबिधि,२०८१

लक्षितबर्गका लागि कार्यक्रम संचालन कार्यबिधि,२०८१

निर्णय नं.४७

यस सम्मरीमाई गा.पा. अन्र्तगत कार्यरत रहेका कर्मचारीहरुको आन्तरिक सरुवा गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.४८

गाउँपालिका कार्यालयले पेश गरेका जिन्सी निरिक्षण सहितको अभिलेख बिबरण माथी छलफल गरी ब्यवस्थीत तरिकाले भण्डारण र लेखांकन गर्न सुझाव दिईयो ।

निर्णय नं.४९

गाउँपालिका र वडा कार्यालयबाट संचालित योजना खर्चको फरफारक र अनुमोदन गर्ने अधिकार गाउँकार्य पालिका बोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.५०

यस गाउँपालिका अन्र्तगत हुने संभावित प्रकोपलाई मध्यनजर राखी गाउँपालिकाको अवस्थालाई समेत ध्यान दिई प्रहरी प्रतिबेदन ,वडा कार्यालयको सिफारिश, सम्बन्धित ब्यक्तिको निबेदन र ना.प्र.प.को फोटोकापी संलग्न राखी अनुसुची ३ बमोजिमको सीमा ननाघ्ने गरी गाउँपालिकाबाट राहत सहयोग उपलब्ध गराउने र सोको जानकारी बैठकमा गराउने निर्णय गरियो ।

निर्णय नं.५१

गै.स.स.लगायत अन्य निजि क्षेत्रबाट हाल गाउँ सभामा कुनै बजेट कार्यक्रम पेश हुनन आएको हुदाँ पछि पेश हुन आएमा कार्यक्रम उचित र प्रभावकारिता हेरी गाउँकार्यपालिकाले स्वीकृती दिई संचालन गर्ने तर त्यस्ता कार्यक्रमको अनुगमन जाँचपास फरफारक समेत गाउँकार्यपालिकाबाट गर्ने र बार्षिक प्रगति तयार सार्बजनिकीकरण गर्न लगाउने गाँउकार्यपालिका बोर्डलाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं.५२

प्रदेश सरकारबाट बित्तिय बाँडफाड तथा अन्य प्रकृयाबाट हस्तान्तरण तथा थप भई आउने बजेट तथा कार्यक्रमको बिनियोजन तथा खर्च गर्न कार्यपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.५३

ऐन नियम ,कार्यबिधी ,बिनियमावली लगायत त्यसमा अत्यावश्यक बिषयमा आवश्यक निर्णय लिन परेमा गाउँकार्यपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.५४

सम्मरीमाई गाउँकार्यपालिकाको कार्यालय रुपन्देहीबाट सम्पादनहुने बिभिन्न कार्यक्रमहरुका लागि तालिम खर्च सम्बन्धि मापदण्ड अनुसुची ४ बमोजिम लागु हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.५५

सम्मरीमाई गाउँपालिका क्षेत्र भित्र रहेको तटिय क्षेत्रको संरक्षण संबर्द्धन र बिकासका लागि सम्बन्धित तटिय क्षेत्रबाट आन्तरिक श्रोत स्वरुप उठेको रकमको २५ % रकम सम्बन्धित तटिय क्षेत्रको प्रभावति क्षेत्रलाई बिनियोजन गर्न गाउँकार्य पालिकाबोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.५६

उपभोक्ता समितिबाट गुणस्तरीय रहने कार्य संचालन गर्न नसक्ने किसिमका आयोजनाहरु तथा कार्यक्रमलाई गाउँपालिकाले निश्चित मापदण्ड र प्रकृया पुर्‍याई ठेक्का पट्टाबाट समेत संचालन गर्न गराउन गाउँकार्यपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.५७

वडा समिति ,एकीकृत योजना तर्जुमा समिति हुदै सिफारिस तथा प्राथमिकीकरण भई आएका योजना तथा कार्यक्रम स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.५८

आवश्यक सेवाका गा पा का सरकारी सवारी साधन गा. पा.बाट मर्मत सम्भार गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं.५९

कृषि,शिक्षा,पशुसेवा, तथा स्वास्थ्य संस्था संचालन तथा कार्यक्रमका लागि प्राप्त शसर्त अनुदान योजना तथा कार्यक्रमलाई अनुमोदन गरियो ।

निर्णय नं.६०

यस गाउँपालिकामा संचालन हुने योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकन गरी प्रतिबेदन पेश गर्न तपसिलका पदाधिकारी रहने गरी अनुगमन तथा मुल्यांकन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१.गाउँपालिका उपाध्यक्ष संयोजक

२.प्रमुख प्रशासकीय अधिकृत सदस्य

३. सम्बन्धित वडामा रहेको योजनाकोलागि सम्बन्धित वडाको वडाध्यक्ष  सदस्य

४.प्राबिधिक शाखा प्रमुख सदस्य

५.आर्थिक शाखा प्रमुख सदस्य

६.कार्यपालिका सदस्य बिनोद कुमार बरुण सदस्य

७.कार्यपालिका सदस्य सुभरमती अहिरनी सदस्य

८.योजना शाखा प्रमुख सदस्य सचिव

यस समितिमा गा.पा.अध्यक्ष एवं बिषय बिशेषज्ञलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिने छ ।

निर्णय नं ६१

यस गा.पा.मा करार सेवा अन्तर्गत सेवा गर्दै आएका ई.रामदेव गुप्ता, सु.प्र.अधिकृत सुमन्त गौड, कृषि अधिकृत सुरज पाण्डेय, एम.आइ.एस अपरेटर रामकेश मौर्य, फिल्ड सहायक प्रदीप कुमार दुबे, प्राबिधिक सहायक अनिल कुमार कुर्मी ,ना.प्रा.स.प्रदीप शर्मा, कृषि बिकास शाखाका महेन्द्र हरिजन उद्यम बिकास सहजकर्ता दीपा बस्नेत, कृष्ण वली, कृषि बिकास शाखा तथा पशु सेवा शाखा अर्न्तगतका प्राबिधिक कर्मचारीहरु लवकुश त्रिपाठी, श्यमसुन्दर बरुण ,बब्लु केवट, प्रदीप मौर्य,खेमराज बेल्दार, का.सहयोगी रमेश यादव, विन्द ब.हरिजन, राजेश कुर्मी, शिवदास कुर्मी, रामलगन यादव, प्रदीप नाउ, गीता सिहं, सदानन्द कुर्मी र अजय गुप्ता, सवारी चालक अब्दुल कलाम खान समेत र स्वास्थ्य संस्था बर्थिङ्ग सेन्टर ,ल्यावमा कार्यरत कर्मचारीहरुको म्याद २०८२ आषाढ मसान्त सम्मका लागि थप गर्ने निर्णय गरियो । र गतबर्ष देखि यस गाउँपालिकामा सवारी

